# प्रधानमन्त्री रोजगार कार्यक्रम

## रोजगार सेवा केन्द्र, भरतपुर महानगरपालिका, चितवन

## रोजगार समाचार



- वडा भेला तथा अभिमुखी कार्यक्रम
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न वडाहरूमा आयोजना सञ्चालन
- श्रम स्वीकृत तथा पुनः श्रम स्वीकृत
- साप्ताहिक रोजगारका (Weekly Vacancy) अवसरहरु प्रकाशन
- वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुसँग अन्तर्क्रिया
- रोजगार सम्वाद मञ्च
- रोजगार मेला
- रोजगार रणनीति निर्माण

### वडा भेला तथा अभिमुखी कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रमले श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी रणनीति, २०७९ मा उल्लेख भएका कार्यनीति र कार्यक्रम सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको कार्यान्वयनबाट सामाजिक र आर्थिक अवसरबाट बञ्चित महिला, अदिवासी, जनजाति, मधेसी, दलित तथा अन्य सीमान्तकृत समुदाय लगायतलाई सामाजिक संरक्षण उपलब्ध गराउने उद्देश्य सहित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले **श्रमको सम्मान, राष्ट्रको अभियान** सम्बन्धी सञ्चार अभियान अन्तर्गत बेरोजगार व्यक्तिको सूची दर्ता गर्न लक्षित समुदायमा निवेदन भर्न आवश्यक सहजीकरण गर्न तथा प्राप्त निवेदनहरुको छानविन गर्न सबै वडा समिति र प्रत्येक वडाका राजनैतिक दलका प्रतिनिधिहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न आवश्यक भएकोले भरतपुर महानगरपालिका अन्तर्गत ९ बटा भुक्तानी सेवा केन्द्रमा २०७९ माघ १८ गते देखि २०७९ फागुन २ गतेसम्म अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो ।

### प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न वडाहरुमा आयोजना सञ्चालन



भरतपुर महानगरपालिका **वडा नं. ८** मा पर्ने विभिन्न सडक तथा सिंचाइ नहर कुलो सरसफाई र खानेपानी पाइप लाइन बिस्तार कार्यक्रम अन्तर्गत बनदेवी देखि पश्चिततर्फ र दक्षिण तर्फ कुलो सरसफाई, ज्योती युवा क्लब भवन नजिकै रहेको कुलो सरसफाई साथै वडाका विभिन्न टोलहरुमा खानेपानी पाइप लाइन विस्तार गर्दै ।



भरतपुर महानगरपालिका **वडा नं. १२** का सरकारी कार्यलय, पार्क, विद्यालय, मठ-मन्दिर र सिंचाई नहर कुलो मर्मत एवं सरसफाई कार्यक्रम अन्तर्गत राईनो ताल, राईनो चिल्ड्रेन पार्क सरसफाई, धनगढा मन्दिर तथा पोखरी सरसफाई, धनगढा मन्दिर देखि आस्था चोक सम्म कुलो सरसफाई गर्दै ।

भरतपुर महानगरपालिका **वडा नं. १६** का सरकारी कार्यलय र विद्यालय सरसफाई, नदी किनारमा मेसजाली मर्मत सुधार र सडक किनारमा वृक्षारोपण तथा गोडमेल कार्यक्रम अन्तर्गत सरकारी कार्यालय तथा विद्यालय सरसफाई, मेसजाली मर्मत सुधार, सडक किनारमा वृक्षारोपण तथा गोडमेल गर्दै ।





भरतपुर महानगरपालिका **वडा नं. १७** का सरकारी कार्यालय, पार्क, ताल र सिंचाई नहर कुलो मर्मत एवम् सरसफाई कार्याक्रम अन्तर्गत वडा कार्यालय तथा दियालो भ्यु टावर सरसफाई, रामपुर शारदानगर नहर सरसफाई, चुवादी ताल नहर सरसफाई गर्दै ।

भरतपुर महानगरपालिका **वडा नं. १९** का सरकारी कार्यालय र पार्क सरसफाई, सिंचाई नहर कुलो निर्माण एवम् सरसफाई कार्यक्रम अन्तर्गत शारदानगर- हेल्थपोस्ट चोक- गुन्जनगर नहर सरसफाई, बिजय सुवेदीको घर नजिकबाट तिनपाटे चोक तर्फ नहर-कुलो सरसफाई, गोर्खाली चोक - शारदानगर कुलो सरसफाई गर्दै ।





भरतपुर महानगरपालिका **वडा नं. २१** का सरकारी कार्यालय, पार्क, विद्यालय, मठ मन्दिर र सिंचाई नहर कुलो मर्मत एवम् सरसफाई कार्यक्रम अन्तर्गत सरकारी कार्यलय, रतन बाल उधान पार्क, बोटानिकल बगैचा, रंगिला बगैचा, अन्नपुर्ण मा.वि, भानु मा.वि जगतपुर, आ.वि. सितापुर, शिव-पार्वती मन्दिर, गणेश मन्दिर परिसर सरसफाई गर्दै ।

भरतपुर महानगरपालिका **वडा नं. २९** मा सरसफाई तथा गोरेटो बाटो निर्माण कार्यक्रम अन्तर्गत वडा कार्यालयबाट झरना हुदैं गोल्डेन गुफा तर्फ जाने गोरेटो बाटो निर्माण तथा सरसफाई गर्दै ।



## श्रम स्वीकृत तथा पुनः श्रम स्वीकृत



वैशाख १ गते नेपाल सरकारले लागु गरेको नियमानुसार स्थानीय निकायमा श्रम स्वीकृति र पुनःश्रम स्वीकृति गर्ने निर्णय गरेको हुँदा वैशाख १ गते देखि नै उक्त सेवा यस महानगरपालिकामा लागु गरी हालसम्म (असार ८ सम्म) ४३ जनाको उक्त सेवा लिइसकेका छन् ।

## साप्ताहिक रोजगारका अवसरहरु (Weekly Vacancy) प्रकाशन


VACANCY! VACANCY!! VACANCY!!!

Weekly vacancy list

Date: - 2080-01-29

भरपतुर महानगरपालिका भित्र रहेका विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँगको समन्वयमा प्राप्त कर्मचारी आवश्यकताको निवेदनको आधारमा साप्ताहिक रोजगारीका अवसरहरु (Weekly Vacancy) रोजगार सेवा केन्द्र, भरतपुर महानगरपालिकाको फेसबुक पेज मार्फत प्रकाशन गर्दै आइरहेको र हाल सम्म (असार ८ सम्म) १२७ जना लाई रोजगार प्रदान गरिएको ।

## वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुसँग अन्तर्क्रिया



२०८० जेष्ठ २ गते वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुसँग छलफल गरी वैदेशिक रोजगारमा सिकेका सीप तथा ज्ञानलाई कसरी प्रयोग गर्न सकिन्छ र वैदेशिक रोजगारबाट फर्कनु भएकाहरुलाई स्थानीय पालिकाले के कस्ता कार्यक्रम ल्याउन सक्यो भने वैदेशिक रोजगारमा जाने क्रमको न्यूनीकरण गर्न सकिन्छ र स्थानीय स्तरमानै अवसर प्रदान गर्न सकिन्छ भन्ने विषयमा छलफल गरियो ।

## रोजगार सम्वाद मञ्च

भरतपुर महानरपालिकामा भएका उद्योग वाणिज्य संघ, उद्योग संघ, NYEF, YEF, चितवन सेवा समाज, नेपाल फार्मेसी संघ, विभिन्न कलेजका विद्यार्थीहरु, नव उद्यमीहरुको उपस्थितिमा रोजगारीको सृजना र अवधारणाहरु बारे छलफल भएको थियो ।



उक्त कार्यक्रममा ***रविन अधिकारी*** ज्यूले आफुले गरेको पेशा र आफ्नो पेशामा अहिलेको आर्थिक अवस्थाले अर्थतन्त्रमा पारेको समस्या र समधानका बारेमा आफ्नो भनाई राख्नु भएको थियो । उहाँले स्थानीय उत्पादनलाई प्राथमिकता दिइयो भने रोजगारीको राम्रो सृजना हुने कुरा उल्लेख गर्नुभयो ।



महिला उद्यमी ***सृजना सोती*** ज्यूले आफुले गरेको व्युटिसियन व्यवसायमा आफुले प्राप्त गरेको सफलता, समस्या र चुनौतीहरु व्यक्त गर्नु भयो । महिला भएर पनि आफुले गरेको व्यवसाय प्रति पुर्ण सन्तुष्टि भएको र केहि व्यक्तिलाई

रोजगार दिन सफल हुनभएको बताउनु भयो । रोजगारीमा धैर्यता र सहनशीलताको महत्वपूर्ण भूमिका रहने जानकारी प्रदान गर्नुभयो ।



***सुरेन्द्र कार्की*** ज्यूले आफ्नो फेब्रिकेट व्यवसायको बारेमा जानकारी दिनुभएको थियो ।अवसर राम्रो भएकोले परिवारले गर्दै आएको उक्त व्यवसाय आफूले पनि अवलम्वन गर्दै आएको र उक्त व्यवसायमा फलामको काम गर्ने भएकाले फलामको काम गर्ने श्रमिकहरुको कमी रहेको र बाहिरी मुलुकबाट श्रमिक बोलाउन पर्ने बाध्यता भएको जानकारी दिनुभयो । नेपाल एसियामा सबैभन्दा धेरै फलाम आयत गर्ने दोस्रो मुलुक रहेकोले उक्त क्षेत्रमा धेरै सम्भावना रहेको पनि उल्लेख गर्नुभयो ।

## चिया सम्वाद

केहि नयाँ गर्ने सोचले राखिएको चिया सम्वाद कार्यक्रम भरतपुरमा रहेका चिया व्यवसायहरुको अवसर र चुनौतीहरुमा छलफल गरिएको थियो ।



***फणिन्द्र न्यौपाने*** ज्यूले चितवनमा पहिलो पटक चिया (चियादानी) व्यवसायमा आफूले गरेको व्यवसायको बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो । भरतपुरमा कोहि कसैले सम्भावना नदेखिएको व्यवसायलाई आफूले व्यवस्थित रुपमा गरेको र अहिले उक्त व्यवसायमा धेरैले सम्भावना देखुभएको र व्यवसाय खोल्नुभएको देख्दा आफू खुसी भएको जानकारी गराउनु भयो । चिया व्यवसायबाट धेरैलाई रोजगारीको सृजना गरेको पनि उहाँले बताउनु भयो । साथै दुग्ध किसानले पनि उक्त व्यवसायबाट रोजगारीको राम्रो सृजना भएको आफूले अनुभुति गरेको बताउनु भयो ।




ब्याङ्गोलरबाट BHM सकेर नेपाल आएर अवसरको खोजि गर्दै गर्नुभएका ***सुमन अधिकारी*** ज्यूले भरतपुरमै चिया व्यवसयमा अवसर देखि चिया व्यवसाय (चिया दरबार) खोलेको उहाँले भन्नु भयो । अहिले उँहाले चिया मात्र नभई चिया बनाउने तालिम पनि प्रदान गर्ने गरेको जानकारी दिनुभयो । चियामा धेरै सम्भावना भएको र रोजगारीको पनि यो क्षेत्रले धेरै आयम गर्न सक्ने भएको हुनाले अवसरनै अवसरको क्षेत्र चिया व्यवसाय रहेको जानकारी दिनुभयो ।

**दुवै** चिया व्यावसायले भन्नु भयो चियाले जोडेको सम्बन्ध दिगो र भरपर्दो हुने भएकोले आफूहरु उक्त व्यवसायमा सम्बन्ध बनाउन रहेको र सिमित रुपमा व्यवसायको धर्म मात्र निभाएको बताउनु भयो।




भरतपुर १६ मा उत्पादन चियापत्ति उत्पादन गर्दै आउनुभएको ***कृष्ण बहादुर बि.क.*** ज्यूले चिया सम्वादमा सम्वाद चिया लिएर आएको छु, चिया व्यवासयमा अतिनै आवश्यक पर्ने र भरतपुरमा चिया खानेको दर बढेको हुनाले आफुले उक्त व्यवसाय गरेको बताउनु भयो । भरतपुरमा फ्याक्ट्रि राखी इलामबाट चियापत्ति लिएर बिक्री वितरण गर्दै आएको जानकारी दिनुभयो ।

दार्जेलिङ चिया रिसर्च सेन्टरमा काम गरेको र त्यहाँ काम गर्दा चियाले आफूलाई देखाएको अवसरहरुलाई व्यवसायीरुपमा अघि बढाएको जानकारी गराउनु भयो ।

## रोजगार मेला

भरतपुर महानगरपालिका र रत्ननगर नगरपालिकाको संयुक्त आयोजनामा हुन लागेको रोजगार मेला कार्यक्रम प्रभावकारी बनाउन र रोजगारीको सृजना गर्ने उद्देश्यले यहि असार १५ र १६ गते रत्ननगरमा रोजगार मेला गर्ने सहमति गरियो ।

## रोजगार रणनीति निर्माण

भरतपुर महानगरपालिकाका नगर उप-प्रमख श्री चित्रसेन अधिकारी ज्यूको अध्यक्षतामा भरतपुरमा रहेका सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधिहरुलाई बोलाइ स्थानीय तहको रोजगार रणनीति २०८० निर्माणको निमित्त प्रारम्भिक बैठक गरी ५ वर्षको लागि सम्पूर्ण सरोकारवालाहरुको सहकार्य र सहमति लिई स्थानीय तहको रोजगार रणनीति बनाउने छलफल गरियो ।

२०८० असार १९

**"श्रमको सम्मान, राष्ट्रको अभियान"**

***सल्लाह, सुझाव तथा प्रतिक्रियाको लागि***

***E-mail:- pmep.bmc@gmai.com,***

***Phone:- +977 056-597004***

***Facebook:- https://www.facebook.com/escbhr/***

***रोजगार सेवा केन्द्र, भरतपुर महानगरपालिका***